महाशिला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः  ३०  मितिः २०७५/०६/२५

**भाग-२**

**महाशिला गाउँपालिका**

# विपद् व्यवस्थापन कोष संचालन सम्बन्धी कार्यविधि, २०७५

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति: २०७५।०६।०२

**प्रस्तावना :**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० को दफा ७० बमोजिम यस महाशिला गाउपालिकाको स्थानीय संचित कोषबाट केहि रकम विनियोवन गरि आकस्मिक कोषको स्थापना गरिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि यस गाउँ कार्यपालिकाले गाउपालिकाको अधिकारक्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद एवं संकट अत्यन्तै न्यून आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर लगायतका मानव जीवनमा असर पार्ने रोग, गम्भीर किसिमको अपांगता तथा अप्रत्याशित कारण बाट सृजना हुने विशेष परिस्थितिलाई नियन्त्रण गर्न आकस्मिक रुपमा रकम जुटाउन एक आकस्मिक कोषको स्थापना गर्न वाञ्छनीय भएकाले यो विपद् व्यवस्थापन कोष संचालन सम्बन्धी कार्यविधि, २०७५"  गाउँकार्यपालिकाबाट पारित गरी जारी गरिएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम विपद् व्यवस्थापन कोष संचालन सम्बन्धी कार्यविधि, २०७५ रहेको छ ।

१.२ यो कार्यविधि गाउँकार्यपालिका बाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. “कार्यविधि” भन्नाले विपद् व्यवस्थापन कोष संचालन सम्बन्धी कार्यविधि, २०७५ भन्ने बुझ्नुपर्छ ।

ख. ‘‘कोष भन्नाले” आकस्मिक कोष भन्ने बुझ्नुपर्छ ।

ग. “कार्यपालिका” भन्नाले गाउकार्यपालिका भन्ने बुझ्नुपर्छ ।

घ. “आकस्मिक कार्य” भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागि, माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायत मानवीय जिवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर जस्ता दीर्घरोग बाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आकस्मिक कार्यलाई बुझ्नुपर्छ ।

## परिच्छेद २
## कोषको स्थापना, अवधारण, लक्ष्य, उद्देश्य र नीति

### ३. कोष स्थापना

३.१ आकस्मिक कोष संचालन तथा व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

### ४. आकस्मिक कोषमा जम्मा गरिएको रकम

४.१ गाउपालिकाको संचित कोष बाट पहिलो पटक रु ४,००,०००।- अक्षेररुपी चार लाख रुपैयाँ मात्र झिकि त्यस्तो रकम आकस्मिक कोषमा जम्मा गरिने छ । उल्लेखित रकम मध्ये गाउँपालिका अन्तर्गतका प्रत्येक वडाहरुमा रु ५०,०००।- (पचास हजार रुपैयाँ ) को दरले हुन आउने रकम रु ३,००,०००।- ( तीन लाख रुपैयाँ ) र गाउँपालिकामा रु १,००,०००।- (एक लाख रुपैयाँ ) विभाजन गरिनेछ ।

### ५. अवधारणा

महाशिला गाउँपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सृजित विपद बाट प्रभावित व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्यून आर्थिक स्थिति रहेका

दीर्घरोगीहरु लगायत अप्रत्याशीत घटनामा परी अंगभंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पु-याउनु नै कोषको अवधारणा हुनेछ ।

**६. लक्ष्य**

प्राकृतिक तथा मानव सृजित विपदको प्रकोपमा परेका व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अंग भंग भएकाहरुलाई तत्काल राहत सहयोग पु-याउन र अप्रत्याशीत स्थितिमा गरिने कार्यहरु गरि मानवीय क्षतिमा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ ।

**७. उद्देश्य**

७.१ विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने,

७.२ चरम संकटमा परेकालाई उद्धार एवं सहयोग गर्न रकम साथै सामग्रीहरु उपलब्ध गराउने,

७.२ आकस्मिक वा अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने,

**८. नीति**

८.१ विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराइ पुनःस्थापना तर्फ उन्मुख गराउने,

८.२ गाउँपालिकाको कार्यक्षेत्र भित्र भैपरी आउने विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

८.३ स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरु, दुर्घटनामा परि अंग भंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

## परिच्छेद ३

## कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

**९. कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था**

९.१ कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तीको लागी महाशिला गाउँपालिका गाउकार्यपालिका स्वयम् व्यवस्थापन गर्नेछ ।

९.२ विशेष परिस्थितिमा कार्यपालिकाको निर्णय अनुसार कोषबाट रकम खर्च गरिनेछ ।

९.३ बुदा नं. २ (घ) मा परिभाषित आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोषबाट रकम खर्च गर्न सकिने छैन । तर गाउँकार्यपालिकाबाट उल्लेखित विषय बाहेकका शीर्षकमा रकम विनियोजन गर्न आवश्यक छ भनी बहुमत सदस्यले पारित गरेमा अन्य शीर्षकमा पनि रकम विनियोजन गर्न सकिनेछ ।

## परिच्छेद ४

## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

### १०. कोषको वित्तिय व्यवस्थापन

१०.१ कोषमा देहायका रकमहरु रहने छन् :

क) गाउसभा बाट विपद् व्यवस्तापन कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) दातृ निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था, संघिय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम ,

### ११. कोषको आर्थिक व्यवस्था

कोषको आर्थिक व्यवस्थापन गाउँपालिकाको आर्थिक प्रशासन सम्बन्धी कानुन बमोजिम हुनेछ । यस्तो कानून नबने सम्मका लागि गाउँपालिकाको संचित कोष व्यवस्थापन गर्न अवलम्बन गरिएका प्रचलित कानून बमोजिम व्यवस्थापन गरिने छ ।

### १२. कोषबाट खर्च हुने रकमको खर्च प्रक्रिया

गाउँपालिकाले उल्लेखित शीर्षकमा खर्च गर्नुपर्दा वडा कार्यालयबाट सिफारिस भई आएका र गाउँपालिकाले आवश्यक देखेमा गाउँकार्यपालिकाले निर्णय गरी वा अध्यक्षबाट स्वीकृत गराई रकम खर्च गर्न सक्नेछ ।

### १३. प्रशासनिक व्यवस्था

कोषको प्रशासनिक तथा आर्थिक कारोवार गाउँकार्यपालिकाका कर्मचारीबाट नै संचालन गरिनेछ ।

## परिच्छेद ५

## विविध

### १४. आकस्मिक कोषको रकम बृद्धि एवं हेरफेर गर्न सक्ने

गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराइ आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि एवं हेरफेर गराउन सक्नेछ ।

### १५. जाँच पास तथा फरफारक

कोषबाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

### १६. कार्यविधिको संशोधन

यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यकताका आधारमा संशोधन गर्न सक्नेछ ।

### १७. बचाउ र खारेजी

क) यस कार्यविधिमा व्यवस्था भएका विषयहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हकमा स्वत खारेज भएको मानिनेछ ।

ख) कुनै कारणबाट कोष संचालन हुन नसकेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व गाउँकार्यपालिकाको कार्यालयमा स्वत सर्नेछ ।

*****

<u>**प्रमाणिकरण मिति : २०७५।०६।०२**</u>

**आज्ञाले,**
**नामः किसान बहादुर क्षेत्री**
**प्रमुख प्रशासकीय अधिकृत**